# सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

प्रस्तावना:

प्रदेश भित्रका सामुदायिक क्याम्पसहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सहयोग गरी सामुदायिक क्याम्पसलाई प्रतिस्पर्धी बनाउन, उच्च शिक्षाको गन्तव्यका रुपमा स्थापित गर्दै सामुदायिक क्याम्पसहरुको प्राज्ञिक क्षमता अभिवृद्धि गर्न वाञ्छनीय भएकोले विनियोजन ऐन, २०८० को दफा ९ (२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्दछ ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, नेपाललाई सम्झनु पर्दछ ।

(ग) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा, नेपाललाई सम्झनु पर्दछ ।

(घ) "स्थानीय तह" भन्नाले जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समेतलाई सम्झनु पर्दछ ।

(ङ) "क्याम्पस" भन्नाले नेपालको कुनै विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी स्नातक वा सोभन्दा माथिका शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका, समुदायद्वारा स्थापना, सञ्चालन तथा व्यवस्थापन भई गैरनाफामूलक रुपमा सञ्चालन भएका सामुदायिक क्याम्पसहरुलाई सम्झनु पर्दछ ।

(च) "गुणस्तर" भन्नाले उच्च शिक्षाको सम्बन्धमा परिषद्बाट निर्धारित वा अनुमोदित न्यूनतम योग्यता वा प्रारम्भिक पूर्वाधार, आवश्यकता र शर्त, मानक, सूचक तथा मापदण्ड, लक्षण तथा विशेषताको सामूहिक स्वरुपलाई सम्झनु पर्दछ ।

सामाजिक विकास मन्त्री

## परिच्छेद – २

### उद्देश्य, शर्त, छनोट प्रकृया र मापदण्ड

३. <u>उद्देश्य:</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ:-

क) सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सहयोग गर्नु,

ख) शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अनुदानका आधार तथा प्रकिया निर्धारण गर्नु,

४. <u>शर्त</u> सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम अनुदानको लागि आवेदन दिन देहायका शर्त पूरा गरेको हुनु पर्नेछ:-

क) स्थापना भई कम्तीमा तीन शैक्षिक सत्र पूरा गरेको सामुदायिक क्याम्पस हुनुपर्ने,

ख) स्नातक तहको तीन शैक्षिक सत्रको औसत नतिजा कम्तीमा १५ प्रतिशत पुगेको हुनुपर्ने,

ग) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका भित्र सञ्चालित क्याम्पसमा कुल विद्यार्थी सङ्ख्या कम्तीमा १५० जना र गाउँपालिका भित्र सञ्चालित क्याम्पसमा कुल विद्यार्थी सङ्ख्या कम्तीमा १०० जना भएको हुनुपर्ने,

घ) विषयगत योग्यता पुगेका अध्यापक हुनुपर्ने,

ङ) क्याम्पसमा कार्यरत अध्यापक मध्ये कम्तीमा १० प्रतिशत अध्यापक पूर्णकालीन हुनुपर्ने,

च) गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षसम्मको लेखा परीक्षण प्रतिवेदन हुनुपर्ने,

छ) प्राप्त अनुदान रकम शैक्षिक गुणस्तर अभिवृद्धि अन्तर्गत अनुसन्धात्मक कियाकलाप (वार्षिक रुपमा Peer reviewed journal प्रकाशन, लघु अनुसन्धान, कार्यमूलक अनुसन्धान, सहकार्यात्मक अनुसन्धान, फ्याकल्टी अनुसन्धान (Faculty research), अनुसन्धानमूलक तालिम (Research based training), कक्षाकोठा व्यवस्थापन, E-library, ICT, विषयगत प्रयोगशाला निर्माण, विद्यार्थी पोर्टफोलियो निर्माण जस्ता क्षेत्रमा खर्च गर्ने गरी प्रस्तावना पेस गर्नु पर्नेछ ।

ज) क्याम्पसको विधान अनुसार सञ्चालक/व्यवस्थापन समिति गठन भएको हुनुपर्ने,

झ) प्राप्त अनुदान रकम क्याम्पसको कुनै पनि भौतिक संरचना निर्माण तथा मर्मत गर्न, शिक्षक तथा कर्मचारीको तलबभत्ता जस्ता कार्यमा खर्च गर्न पाइने छैन ।

५. <u>छनोट समिति:</u> (१) कार्यक्रम सञ्चालनका लागि निर्देशनालयमा प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन र सिफारिस गर्न देहायबमोजिमको छनोट तथा सिफारिस समिति रहनेछ:

(क) निर्देशक, शिक्षा विकास निर्देशनालय -संयोजक

(ख) प्रमुख, प्रशासन योजना तथा शिक्षा विकास महाशाखा, सामाजिक विकास मन्त्रालय -सदस्य

(ग) अध्यक्ष, पब्लिक क्याम्पस संघ, बागमती प्रदेश -सदस्य

(घ) निर्देशनालयबाट मनोनित १ जना विज्ञ -सदस्य

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

(ङ) योजना तथा कार्यक्रम शाखाको अधिकृत - सदस्य सचिव

(२) दफा ५ (१) को (घ) बमोजिमको विज्ञ भन्नाले सामुदायिक क्याम्पसमा कम्तीमा १० वर्ष अध्यापन गरेको व्यक्तिलाई सम्झनु पर्नेछ ।

(३) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका अनुसार हुनेछ ।

(४) बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

६. छनोट समितिको काम, कर्तव्य र अधिकारः क्याम्पस छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

क) दफा ४ बमोजिमका शर्त पूरा गरेका सामुदायिक क्याम्पसहरूले अनुदानका लागि अनुसूची -२ मा तोकिएको ढाँचा र कागजातहरू संलग्न राखी प्रस्ताव पेस गर्न कम्तीमा १५ दिनको म्याद राखी सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा र निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयको वेबसाइटमा प्रकाशित गर्ने गराउने,

ख) अनुसूची -१ मा उल्लेखित मापदण्डका आधारमा क्याम्पस छनोट गरी निर्देशनालयमा सिफारिस गर्ने,

ग) छनोट भई आएका क्याम्पसहरूसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

घ) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने ।

७. कार्यक्रमको सम्झौता एवम् अनुदान निकासाः (१) दफा ४ बमोजिमको मापदण्ड पूरा गरी दफा ५ बमोजिमको समितिबाट छनोटका लागि सिफारिस भएका सम्बन्धित क्याम्पसका क्याम्पस प्रमुख र शिक्षा विकास निर्देशनालयबीच अनुसूची -३ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता हुनेछ ।

(२) सम्झौताको तीन प्रति तयार गरी एक प्रति सम्बन्धित शैक्षिक संस्थामा, एक प्रति सम्बन्धित स्थानीय तहमा र एक प्रति शिक्षा विकास निर्देशनालयमा रहनेछ ।

(३) दफा ५ बमोजिम छनोट भई सम्झौता गरिएका क्याम्पसलाई प्रति क्याम्पस बढीमा रु. १० लाखसम्म अनुदान प्रदान गर्न सकिनेछ। तोकिएको लक्ष्य अनुसारको सङ्ख्यामा क्याम्पसहरुको छनोट गरी सबैलाई बराबर रकम अनुदान उपलब्ध गराइनेछ।

(४) स्वीकृत अनुदान बजेटको बढीमा ५० प्रतिशत पहिलो किस्तामा र बाँकी रकम अन्तिम किस्तामा निकासा गरिनेछ ।

(५) कार्यक्रमको प्रगति प्रतिवेदन, सम्बन्धित क्षेत्रको प्राविधिकको प्रतिवेदन, खर्चको बिल भरपाईको प्रतिलिपि र सम्झौतामा तोकिएको शर्तबमोजिम कार्य सम्पन्न भएको व्यहोरा सहितको क्याम्पस सञ्चालक

३

समितिको निर्णयको प्रतिलिपि र स्थानीय तहको सिफारिस लगायत अन्य आवश्यक कागजातहरु सहित अन्तिम किस्ताको रकम माग गर्नु पर्नेछ ।

(६) स्वीकृत भएको कार्यक्रम/परियोजना सम्झौतामा उल्लिखित शर्तको अधीनमा रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । योजनाको प्रस्तावित कार्ययोजना बमोजिम कार्य नगरेमा दोस्रो किस्ता बापतको रकम निकासा हुने छैन । साथै निकासा भएको प्रथम किस्ता बापतको रकम समेत प्रचलित ब्याजदर सहित फिर्ता गर्नु पर्नेछ ।

## परिच्छेद-३
## विविध

८. खर्च व्यवस्थापनः कार्यक्रम सञ्चालनका लागि मन्त्रालय एवम् निर्देशनालयमा भएको बैठक तथा सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्य र अनुगमनमा भएको अत्यावश्यक खर्च सम्बन्धित शीर्षकबाट व्यवस्थापन गरिनेछ। बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका अनुसार हुनेछ ।

९. लेखा तथा लेखापरीक्षणः क्याम्पसले शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रमको अनुदान बापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नु पर्नेछ र लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

१०. सरकारी बाँकी सरह असुलउपर गरिनेः शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रमको अनुदान प्राप्त गर्ने क्याम्पसहरूले सम्झौतामा तोकिएको शर्त विपरीत कार्य गरेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछ ।

१२. कार्यविधि संशोधन तथा परिमार्जनः यस कार्यविधिमा उल्लेख भएका विषयहरु आर्थिक दायित्व पर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको रायसहमति लिई/ मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

अनुसूची -१

छनोट मापदण्ड

जिल्लाः

क्याम्पसको नामः

| क्र.स. | विषय क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | सञ्चालित संकाय (कार्यक्रम)<br>क) एक संकायमात्र चलेको भए १० अङ्क<br>ख) दुई संकाय चलेको भए १३ अङ्क<br>ग) दुईभन्दा बढी संकाय चलेको भए १५ अङ्क | १५ | | |
| २ | विगत ३ वर्षको औसत उत्तीर्ण प्रतिशत<br>क) १५ प्रतिशतदेखि ५० प्रतिशतसम्म भएमा १५ अङ्क<br>ख) ५० प्रतिशतभन्दा माथि ७५ प्रतिशत सम्म भएमा २० अङ्क<br>ग) ७५ प्रतिशतभन्दा माथि भएमा २५ अङ्क | २५ | | |
| ३ | शिक्षक व्यवस्थापन<br>क) पूर्णकालीन विषयगत शिक्षक १० प्रतिशतदेखि माथि ५० प्रतिशतसम्म भएमा १५ अङ्क<br>ख) पूर्णकालीन विषयगत शिक्षक ५१ प्रतिशतदेखि माथि भएमा २० अङ्क | २० | | |
| ४ | विद्यार्थी सङ्ख्या<br>क) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका भित्र कम्तीमा कुल विद्यार्थी सङ्ख्या १५० भन्दा बढी र गाउँपालिका भित्र सञ्चालित क्याम्पसमा कुल विद्यार्थी सङ्ख्या कम्तीमा १०० जनाभन्दा बढी भएमा १५ अङ्क<br>ख) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका भित्र कम्तीमा कुल विद्यार्थी सङ्ख्या १५० र गाउँपालिका भित्र सञ्चालित क्याम्पसमा कुल विद्यार्थी सङ्ख्या कम्तीमा १०० जना भएमा १० अङ्क<br>ग) सोभन्दा कम भएमा अङ्क दिइने छैन । | १५ | | |
| ५ | छात्रा भर्ना | १० | | |

लक्ष्मी कुमारी लोहनी
सामाजिक विकास मन्त्री

| क्र.स. | विषय क्षेत्र | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| | क) छात्राको सङ्ख्या कुल विद्यार्थी सङ्ख्याको ५० प्रतिशत वा सोभन्दा बढी भए १० अङ्क<br>ख) कुल विद्यार्थी सङ्ख्याको ५० प्रतिशत भन्दा कम छात्राहरु अध्ययनरत भए ५ अङ्क | | | |
| ६ | **भौगोलिक क्षेत्र**<br>क) गाउँपालिका भित्रको क्याम्पस भए १५ अङ्क<br>ख) नगरपालिका भित्रको क्याम्पस भए १० अङ्क<br>ग) उपमहानगरपालिका/महानगरपालिका भित्रको क्याम्पस भए ५ अङ्क | १५ | | |
| | **कुल अङ्क** | १०० | | |

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

अनुसूची २

शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम अनुदान प्रस्ताव फाराम

दफा ४ को उपदफा (१) सँग सम्बन्धित

१. क्याम्पसको नामः

२. क्याम्पसको ठेगानाः

३. सञ्चालित संकायः

| क्र.सं. | संकायको नाम | सञ्चालित तह | | कैफियत |
|---|---|---|---|---|
| | | स्नातक | स्नातकोत्तर | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

४. विद्यार्थी नतिजाः

क) ........................... संकाय अन्तर्गत ............... तह

| क्र.सं. | संकायको नाम | शैक्षिक सत्र | नतिजा | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | २०७६ | २०७७ | २०७८ | |
| | | | | | | |
| | | | | | | |

- यस शैक्षिक सत्रदेखि लगातार ३ वर्ष अगाडिसम्मको नतिजा उल्लेख गर्नु पर्नेछ ।
- उक्त ढाँचामा संकायगत र तहगत रुपमा अलगअलग नतिजा उल्लेख गर्नु पर्नेछ ।

५. शिक्षक विवरणः

| क्र.सं. | अध्यापन गर्ने संकायको नाम | शिक्षकको नाम | नियुक्ति मिति | योग्यता | अध्यापन गर्ने विषय | पूर्णकालीन वा आंशिक |
|---|---|---|---|---|---|---|
| | | | | | | |

यस ढाँचा अनुसार संकायगत रुपमा अलगअलग विवरण भर्नु पर्नेछ ।

६. विद्यार्थी विवरणः

| क्र.सं. | संकायको नाम | स्नातक तह | | | स्नातकोत्तर तह | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |

प्रदीप कुमारी गौतम
सामाजिक विकास मन्त्री

| क्र.सं. | संकायको नाम | स्नातक तह | | | स्नातकोत्तर तह | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| | | | | | | | | |
| | | | | | | | | |

७. भौतिक अवस्थाको विवरण

क) भवन सङ्ख्या
ख) क्याम्पसको आफ्नै नाममा रहेको वा अन्य निकायको भवनमा रहेको
ग) कक्षाकोठा सङ्ख्या
घ) पठापाठनमा प्रयोग भएका कोठा सङ्ख्या
ङ) अन्य प्रयोजनमा प्रयोग भएका कोठा सङ्ख्या
च) प्रयोगशाला
छ) पुस्तकालय
ज) कम्पाउण्डवाल
झ) शौचालयः छात्रा छात्र
ञ) अन्य

८. सूचना प्रविधि सम्बन्धीको विवरणः

९. क्याम्पसको जग्गा सम्बन्धी विवरणः

१०. प्रस्तावित योजनाः

(परिचय, कार्यक्रमको औचित्य, प्रस्तावित कार्यक्रम र अनुमानित बजेट, कार्ययोजना, अपेक्षित नतिजा र दिगोपना तथा दीर्घकालीन योजना आदि विषय समेटिनु पर्ने)

संलग्न कागजातः

क) यस कार्यविधिको दफा ४ (छ) अनुसारको प्रस्तावित कार्यक्रम, कार्ययोजना
ख) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा क्याम्पस सञ्चालन समितिको प्रतिबद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि,

ग) कार्यरत अध्यापकहरुको शैक्षिक योग्यता सहितको विवरण,

घ) संकायगत/तहगत छात्रा छात्र खुलेको विद्यार्थी विवरण,

ङ) विश्वविद्यालयले उपलब्ध गराएको तीन शैक्षिक सत्रको Result Sheet को प्रतिलिपि,

च) विश्वविद्यालय अनुदान आयोगले दिएको सम्बन्धन पत्र,

छ) प्रमाणित प्रस्तावमा उल्लेख गरिएका विवरणहरुको पुष्टी हुने थप आवश्यक कागजातको प्रतिलिपि,

ज) यस कार्यको लागि अन्य कुनै पनि निकायबाट अनुदान नलिइएको स्व घोषणा पत्र ।

झ) अन्य सम्बद्ध कागजातहरु ।

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

## अनुसूची -३

(दफा ७(१) सँग सम्वन्धित)

**शिक्षा विकास निर्देशनालय र कार्यक्रम सञ्चालन गर्ने क्याम्पस बिच भएको सम्झौता**

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा (यसपछि प्रथम पक्ष भनिएको) र .................... जिल्लाको ................................ गाउँ/नगर/उपमहानगर/महानगरपालिका वडा नं ...... स्थित श्री ................................ क्याम्पस (यसपछि द्वितीय पक्ष भनिएको) बिच शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालनका लागि तपसिलका शर्तहरू पालना गर्ने गरी यो सम्झौता गरिदियौं लियौं ।

क. प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरु:-

१. प्रस्ताव अनुसारको शैक्षिक गुणस्तर कार्यक्रम सञ्चालन गर्न दुई किस्तामा अधिकतम रू. ......................./-(अक्षरुपि ...............) सम्ममात्र रकम क्याम्पसको खातामा तोकिए अनुसार अनुदान उपलव्ध गराइनेछ ।

२. कार्यक्रमको कुल बजेटको ४० प्रतिशतले हुन आउने रकम सम्झौता पश्चात् क्याम्पसको खातामा निकासा दिइनेछ । बाँकी ६० प्रतिशतसम्मको बिल भरपाईबमोजिम कार्य सम्पन्न गरेपछि सम्वन्धित क्याम्पसको खातामा निकासा दिइनेछ ।

३. दोस्रो पक्षले तोकिएको शर्तअनुसारको प्रक्रिया पुरा गँरी कागजात पेस गरेपछि प्रथम पक्षले अन्तिम किस्ता अनुदान रकम सम्वन्धित क्याम्पसको खातामा निकासा दिने छ ।

४. दोस्रो पक्षले तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्ष अन्तिम किस्ता रकम निकासा दिन बाध्य हुने छैन र पहिले निकासा भएको ४० प्रतिशत रकम शिक्षा विकास निर्देशनालयमा फिर्ता गर्नु पर्नेछ ।

५. सम्झौता विपरीत कार्य गरेको पाइएमा,कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा पनि सो सम्झौता रद्द गरी दोस्रो पक्षलाई दिइएको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

ख. दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरू:-

१. क्याम्पसले ................................ भित्र कार्य सम्पन्न गरी दोस्रो किस्ता माग गर्न आवश्यक कागजात सहित शिक्षा विकास निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

२. क्याम्पसले सम्झौता भए पश्चात् कार्य प्रारम्भ गर्नु पर्नेछ ।

३. क्याम्पसले बजेटको सिमाभित्र रही प्रस्तावित कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने पूँजीगत प्रकृतिका सामग्रीहरु सम्बन्धित विषयका प्राविधिकबाट तयार गर्न र शैक्षिक गुणस्तर बृद्धि सम्बन्धी क्षमता विकास कार्यक्रम शिक्षक स्टाफ बैठकबाट तय गरी सञ्चालक समितिबाट अनुमोदन गराई खरिद तथा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

४. कार्यक्रम सञ्चालन गर्दा प्रथम पक्षबाट निकासा भएको नपुग हुन गएमा सो नपुग रकम व्यवस्थापन गर्ने जिम्मेवारी क्याम्पसकै हुनेछ ।

५. क्याम्पसले कार्य सम्पन्न गर्दा गरेको सम्पूर्ण कामको रकम कार्य सम्पन्न प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

६. क्याम्पसले शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दा सञ्चालक समितिको अध्यक्ष, स्थानीय तहको प्रतिनिधि र क्याम्पस प्रमुख समेतको ३ सदस्यीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ । उक्त समितिले सो कार्यको रेखदेख अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

७. सम्बन्धित स्थानीय तह र अन्य सरोकारवाला कार्यलयहरुबाट समेत अनुगमन निरीक्षण हुन सक्ने हुँदा क्याम्पसले सो कार्यको अभिलेख अध्यावधिक राख्ने र खोजेको बेला देखाउन सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

८. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक निर्माण तथा खरिदसम्बन्धी प्रचलित ऐन नियम (संशोधनसहितको सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४) तथा कार्यविधि अनुसार गर्नु गराउनु पर्नेछ ।

९. कार्य सम्पन्न भइसकेपछि सो सम्बन्धी जिन्सी दाखिला गर्ने, सामग्रीको उपयोग तथा सोको रेखदेख र उचित मर्मत सम्भार गर्ने कार्यसमेत स्वतः क्याम्पसको नै हुनेछ ।

१०. दोस्रो किस्ता माग गर्दा निम्न कागजातहरु लिई आउनु पर्नेछः-

क) सम्झौता अनुसार कार्य सम्पन्न भई शिक्षकहरुको स्टाफ बैठकले...................................विषयका सामग्रीहरु खरिद भएको/पूर्वाधार निर्माण भई व्यवस्थापन भएको भनी निर्णय गरेको निर्णय प्रतिलिपि,

ख) संस्था/कम्पनीले पेश गरेको कोटेशनहरुको प्रतिलिपि र मूल्याङ्कन तालिका,

ग) क्याम्पस सञ्चालक समितिबाट लागत अनुमान स्पेसिफिकेसन अनुसारको कार्य विवरण खोली सो अनुसार व्यावस्थापन समेत भएको भन्ने निर्णय, अनुगमन समितिको प्रतिवेदन र समष्टिगत प्रतिवेदन,

घ) क्याम्पस प्रमुखबाट प्रमाणित बिल भरपाईको प्रतिलिपि,

ङ) निर्माण तथा खरिद गरी प्रयोग गरिएका सामानको फोटो

मानमाया कुमारी सोडारी
सामाजिक विकास मन्त्री

च) सामान खरिदको हकमा जिन्सी दाखिला र दाखिला प्रतिवेदन,

छ) कार्य सम्पन्न भएको र अन्तिम किस्ता भुक्तानी दिनु भनी सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

सम्झौता गर्ने व्यक्तिहरू

पहिलो पक्ष: शिक्षा विकास निर्देशनालयको तर्फबाट:

१. निर्देशकको नाम:

हस्ताक्षर.........................

२. योजना तथा कार्यक्रम शाखाको अधिकृत:

हस्ताक्षर..................................

३. आर्थिक प्रशासन शाखाको प्रमुख:

हस्ताक्षर.....................................

४. कार्यालयको छाप:

दोस्रो पक्ष: क्याम्पसको तर्फबाट:

१. सञ्चालक समितिको अध्यक्षको नाम:

हस्ताक्षर.............................

२. क्याम्पस प्रमुखको नाम:

हस्ताक्षर...................................

३ क्याम्पसको छाप:

सम्झौता सम्पन्न भएको मिति: .................................